नेपालको संविधानको धारा २१८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ बमोजिम मिति २०७६/०९/२२ गतेको बसेको वीरगंज महानगरपालिका, नगर कार्यपालिका बैठकमा छलफलका लागि पेश गरिएका देहायका एजेन्डाहरुमा निम्नानुसार निर्णय गरियो ।

| क्रसं. | एजेन्डाहरु | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | बहुक्षेत्रीय पोषण कार्यक्रम स्वीकृति सम्बन्धमा | नेपाल सरकारबाट हस्तान्तरित कार्यक्रम बहुक्षेत्रीय पोषणका लागि बजेट उपशीर्षक नं ३६५००१०६३ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट रु २० लाख र बिरगंज महानगरपालिका चालु खर्च तर्फ रु. १० लाख गरि जम्मा रु ३० लाख बजेट बिनियोजन भएकोमा उक्त बजेटबाट यस महानगरपालिका अन्तर्गतका वडा नं १९,२२,२३,र ३१ मा बहुक्षेत्रीय पोषण कार्यक्रममा बजेट बाँडफाट गरि सामाजिक बिकास समितिले सिफारिश गरि पेश गरे बमोजिमको कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो । |
| २ | आ.व. २०७७/०७८ का लागि संघीय सरकार सम्पुरक अनुदान र विशेष अनुदान तर्फको आयोजना तथा कार्यक्रम छनौट सम्बन्धमा । | २.१ <u>संघीय सरकार सम्पुरक अनुदान तर्फको आयोजना तथा कार्यक्रम छनौट सम्बन्धमा</u> :<br>आगामी आ.व.२०७७/०७८ का लागि संघीय सरकार सम्पुरक अनुदान तर्फ तपसिल अनुसारका आयोजना तथा कार्यक्रम छनौट गरि प्रस्ताव पठाउने निर्णय गरियो।<br>(क) उज्यालो बिरगंज कार्यक्रमको निरन्तरता -८ करोड ९१ लाख ५० हजार<br>(ख) भेडाहा खोला नदि नियन्त्रण -१० करोड (आ.व. २०७७/०७८ का लागि रु.५ करोड)<br>(ग) बिन्दबसिनी चौक देखि वर्वा टोल ,आत्माराम पंथ देखि बिन्दवासिनी गाउँ जाने बाटो , ICP gate देखि सिवान टोल ,अलौ वडा कार्यालय देखि कोन्हिया गाउँ जाने बाटोमा पिच सडक तथा नाला निर्माण -२० करोड ७२ लाख ५१ हजार ३ सय ९२ रुपैया (आ.ब.२०७७/०७८ का लागि ५ करोड)<br>(घ) कोन्हिया गाउँ देखि लक्ष्मीपुर परसवा गाउँ हुदै जितपुर त्रिभुवन राजपथ सडक सम्म पिच सडक तथा नाला निर्माण -१० करोड ३६ हजार १ सय ५७ रुपैया (आ.ब.२०७७/०७८ का लागि ३ करोड)<br>(ड.)दरदरवा नहर देखि फनटि खोला,बगही देखि इनरवा स्कुल हुदै नहर सडक सम्म<br>पिच सडक तथा नाला निर्माण -९ करोड ४८ लाख २२ हजार ६ सय ७४ रुपैया (आ.ब.२०७७/०७८ का लागि ३ करोड)<br>२.२ <u>संघीय सरकार बिशेष अनुदान तर्फको आयोजना तथा कार्यक्रम छनौट सम्बन्धमा :</u><br>आगामी आ.व. २०७७/०७८ का लागि संघीय सरकार बिशेष अनुदान |

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | तर्फ तपसिल अनुसारको आयोजना तथा कार्यक्रम छनौट गरी प्रस्ताव पठाउने निर्णय गरियो।<br>( क) Green hospital waste treatment center निर्माण -१० करोड<br>( ख) हरियो बिरगंज अभियान – ५ करोड (सार्वजनिक जग्गा संरक्षण र एक लाख बिरुवा लगाउन )<br>(ग) सामुदायिक बिधालयहरुमा खानेपानी तथा शौचालय निर्माण-१ करोड र फोहोरमैला व्यवस्थापनका लागि जनचेतना तथा डस्टबिन खरिद -१ करोड गरि जम्मा रु २ करोड<br>(घ) महिला सशक्तिकरण तथा बालपोषण कार्यक्रम – ३ करोड (जनचेतना, बालबालिकाको लागि सर्वोतम पिठो र गर्भवती महिलाका लागि पोषण सामग्री )<br>(ङ) ५०० मानिस अटने हल निर्माण -५ करोड |
| ३ | रोजगार संयोजक पदपूर्ति समितिका पदाधिकारी मनोनयन सम्बन्धमा | रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धि मापदण्ड २०७६ को दफा ६ अनुसार रोजगार संयोजक पदपूर्ति समितिमा देहाय बमोजिमको संयोजक र विज्ञ सदस्य तोक्ने निर्णय गरियो ।<br>( क) संयोजक- श्री केशव प्रसाद घिमिरे –चन्द्रागिरी -१४, काठमाण्डौ (सेवा निवृत राजपत्रांकित प्रथम श्रेणी)<br>(ख ) विज्ञ सदस्य – श्री अशोक कुमार अग्रवाल बी.मा.न.पा.-६ (पुर्व अध्यक्ष वि.उ. वा. संघ र हाल अध्यक्ष FCCI) |
| ४ | नगवा पोखरी ठेक्का तोड्ने सम्बन्धमा | यस महानगरपालिकाको स्वामित्वमा रहेको माइधिया माछा पोखरी आ.व.२०७३/०७४ देखि २०७७/०७८ सम्म ५ बर्षका लागि ठेका लागि ठेकेदार खुसनैन मियाँ तेली संग सम्झौता भई ठेक्का संचालनमा रहेको तर बीरगंजको बृहत बिकास कार्यक्रम अन्तर्गत फस्ट बाइपास रोड फराकिलो गर्ने कार्य भैरहेको र क्षेत्रीय शहरी विकास आयोजना कार्यन्वयन इकाई बीरगंजको प्राविधिक प्रतिवेदन बमोजिम सडक बिस्तारमा उक्त पोखरीको कुल क्षेत्रफल २-१५-० मध्ये ०-५-० जग्गा पर्ने भएकाले पोखरीमा माछा पालन गर्न समस्या भइरहेको हुँदा ठेक्का तोडी फरफारक गरि पाउ भनि ठेकेदारबाट निवेदन परेकोमा ठेकेदार खुसनैन मियाँ तेलीको निवेदन माथि कारवाही हुँदा स्थानीय राजस्व परामर्श समितिको मिति २०७६/०९/१५ गतेको बैठकबाट पोखरी ठेक्का तोडी पोखरीमा रहेको माछा ठेकेदारबाट नै मार्न लगाई २०७६/०९/२९ सम्म हुन आउने दामासाही रुपले ठेक्का किस्ता वापतको रकम ठेकेदारबाट असुल गर्ने गरि सिफारिस भएकोमा ठेकेदारसंग भएको द्वि पक्षीय ठेक्का सम्झौताको बुंदा न. ८ र स्थानीय राजस्व |

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | परामर्श समितिको सिफारिस बमोजिम ठेक्का तोड्ने र मिति २०७६/०९/२९ सम्मको दामासाहीले हुन आउने ठेक्का रकम ठेकेदार खुसनैन मियाँ तेलि बाट असुल गर्ने निर्णय गरियो । |
| ५ | नयाँ बसपार्कको जग्गाबाट छिमेकीको बाटो निकास सम्बन्धमा | बिरगंज महानगरपालिकाका वडा न .१६ का पुजा उपाध्यायले बिरगंज बसपार्क टर्मिनलको उत्तर तर्फ कम्पाउण्ड वाल निर्माण गर्दा निजको कि. न. ५०८ र १३३५ मध्येको ज.वी.०-०-२ जग्गा च्यापिन गइ निकास बन्द भएको भन्दै च्यापिएको जग्गा छोडाइ निकास खुलाई पाऊ भनि बिरगंज महानगरपालिका उपर श्री पर्सा जिल्ला अदालतमा मुद्दा दायर गर्नु भएकोमा सो सम्बन्धमा अध्ययन गरि कानुनि राय पेश गर्न अधिवक्ता श्री बिरेन्द्र प्रसाद यादव र अधिवक्ता श्री कमल पोखरेल लाइ जिम्मा दिईएकोमा दुवै जनाले निजको उक्त कि.न. मा बनेको घरको जग्गामा आउन जान सम्मका लागि मेलमिलापको माध्यमबाट न्यूनतम निकास दिई विवाद टुंगो लगाउन सकिने भनि राय पेश गरेकोमा पुजा उपाध्यायले आफ्नो जग्गामा कम्पाउण्ड वाल निर्माण गरि निजको प्रयोजनको लागि मात्र गेट बनाउने गरि ५ (पांच) फिटको बाटो खोल्ने निर्णय गरियो |
| ६. | स्मसान घाट जाने बाटो को लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा | बिरगंज महानगरपालिका वडा न. ३ स्थित कब्रिस्तान सम्म मुस्लिम समुदायको दिवंगत व्यक्तिको पार्शिव शरीर लैजान मूल बाटो देखि कब्रिस्तान संग जोडिएको सहायक बाटो नरहेकोले बाटोका लागि जग्गा उपलब्ध गराई दिन मदरसा बरकतुल उलम छपकैया , बिरगंज-३ले मांग गरेकोमा उक्त ठाउँमा बाटो निर्माण गर्न आवश्यक पर्ने जग्गा खरिदका लागि आवश्यक रकम आउँदो नगर सभाबाट बिनियोजन गर्ने निर्णय गरियो । |
| ७. | फोहोरमैला प्रवर्धन शुल्क लगाउने सम्बन्धमा । | नेपाल सरकार, बिरगंज महानगरपालिका र नगर विकास कोषको संयुक्त लगानीमा संचालित मझौला शहर एकिकृत शहरी वातावरण सुधार आयोजना अन्तर्गत आदर्शनगर, रानीघाट, र श्रीपुर एरियामा निर्मित सेवेरेज ढल प्रणालीमा दाँया बाया परेका आवासीय तथा गैर आवासीय भवनहरुको शौचालयको सेफ्टी ट्यांक संग कनेक्सन च्याम्बर जोडी सेवा प्रदान गरे वापत त्रिपक्षीय सम्झौता तथा आयोजनाको सिफारिस बमोजिम तपसिल अनुसारको सेवा शुल्क लिने निर्णय गरियो |

| क्र.स. | विवरण | मासिक शुल्क | बार्षिक शुल्क |
|---|---|---|---|
| १. | १००० स्क्वायर फिट भन्दा कम फलोर एरिया भएको भवन | ६० | ७२० |
| २. | १००० देखि १५०० स्क्वायर फिट भन्दा कम फलोर एरिया भएको भवन | २५० | २१०० |
| ३ | १५०० देखि २५०० स्क्वायर फिट फलोर एरिया भएको भवन | ३५० | ३३६० |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | ४. | २५०० देखि ४००० सम्म स्क्वायर फिट फलोर एरिया भएको भवन | ५०० | ५१०० |
| | | ५. | ४००० भन्दा बढी स्क्वायर फिट फलोर एरिया भएको भवन | ८०० | ८६४० |
| | | ६. | कनेक्सन शुल्क रु १००० एक हजार एक पटकको लागि मात्र | | |
| ८. | UCLG को सदस्यता लिने सम्बन्धमा | बीरगंज महानगरपालिकाको अन्तर्राष्ट्रिय सम्बन्ध स्थापनाको लागि संयुक्त शहरहरु र स्थानीय सरकारहरुको संगठन UCLG बार्सिलोना, स्पेनको सदस्यता लिने र सो वापत लाग्ने नियमित बार्षिक सदस्यता शुल्क कार्यालयले तिर्ने निर्णय गरियो । | | | |
| ९. | उज्यालो बिरगंज आयोजनाको लागत अनुमान स्वीकृति सम्बन्धमा | उज्यालो बिरगंज आयोजना को रु. २४,३१,१९,७८३/२० को लागत अनुमान स्वीकृत गरियो र उक्त आयोजनाको खरिद सम्बन्धि बोलपत्र आह्वानको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । | | | |
| १०. | विविध | १०.१ <u>आ.ब.२०७७/०७८ का लागि आय व्यय को प्रक्षेपण सम्बन्धमा :</u> स्थानीय राजस्व परामर्श समिति र स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको सिफारिश बमोजीम यस बिरगंज महानगरपालिकाको आगामी आ.व. २०७७/०७८ को आय र व्ययको प्रक्षेपण गरिएको तथ्यांक सहितको विवरण स्वीकृत गर्ने निर्णय गरियो । | | | |

प्रमुख प्रशासकीय अधिकृत